फोन : ९७७-१-४३६२४१६, ४३६२५१८
४३६२३२६, ४३६२९८८
फ्याक्स : ९७७-१-४३६२५१६
बबरमहल

फोन : ९७७-०१-४५७८०००/४५७८०३०
फ्याक्स : ९७७-०१-४५७८०२२
ईमेल : dgca@caanepal.gov.np
सिनामंगल

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं, नेपाल ।

प.सं.:

मिति:
२०८२।०१।३१

## प्रेस विज्ञप्ति

विगत केही दिन देखि विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा भित्र भैसी आतंक, अधिकांश जमिन प्रयोग विहिन भनेर प्रकाशित तथा प्रसारित समाचार प्रति नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालको हवाई यातायात क्षेत्रको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल माथि रहदै आएको बाध्यात्मक निर्भरता हटाउने उद्देश्यले नेपाल सरकारले वि.सं. २०७१ सालमा शिलान्यास गरि वि.सं. २०७९ जेष्ठ २ गते निर्माणको कार्य सम्पन्न पश्चात व्यवसायिक अन्तर्राष्ट्रिय उडानको समुद्घाटन भई हाल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा रहेको । देशको दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा सो विमानस्थलले नेपालको नागरिक उड्डयनको विकास तथा विस्तारमा अभुतपूर्व योगदान गर्दै आईरहेको व्यहोरा समेत सम्पूर्णमा अवगत नै छ । अन्तर्राष्ट्रिय विमानस्थल संचालन पूर्व सो स्थानमा भैरहवा विमानस्थलको नाममा वि.सं. २०१५ साल बाट नै आन्तरिक उडानहरु संचालन हुँदै आएका थिए । आन्तरिक विमानस्थललाई समयक्रम अनुसार नियमित रुपमा स्तरोन्नति गर्ने नेपाल सरकारको योजना बमोजिम उक्त विमानस्थललाई आवश्यक पर्ने उड्डयन संरचना निर्माणको लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार विभिन्न मितिमा पटक पटक जग्गा अधिग्रहणको कार्य हुँदै आएको ।

दक्षिण एशियाली यातायात पूर्वाधार विकास आयोजना अन्तर्गत एशियाली विकास बैंक र **OPEC Fund for International Development** को ऋण तथा अनुदान तथा नेपाल सरकारको लगानीमा **ICAO 4E-Category** विमानस्थलको रुपमा स्तरोन्नति गरि देशको एउटा मात्र विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बलियो विकल्पको रुपमा अन्तर्राष्ट्रिय विमानस्थल संचालन गर्ने उद्देश्यले मन्त्रिपरिषदको २०७२/०९/२९ तथा २०७३/०१/०७ को निर्णय बमोजिम हाल सम्म करीब ४५३ बिगाहा जग्गा अधिग्रहण भएको र अन्य करीब ४७ बिगाहा सार्बजनिक जग्गा (पर्ती , ऐलानी, खोला, कूलो आदी) गरी करिव ५०० विगाहा मात्र रहेको । विमानस्थलको गुरुयोजना बमोजिम कूल उपलब्ध जग्गालाई धावनमार्ग **(3000 m x 60m)**, ट्याक्सी वे, जहाज पार्किङ्ग क्षेत्र, टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोल टावर, विभिन्न **Equipment Area, Flight Catering, Disaster Response** तथा विमानस्थल उद्धार तथा अग्नि निवारण भवन तथा वारुणयन्त्र पार्किङ्गको लागि, विमानस्थलको **Surveillance Area - RADAR** को लागि, विमानस्थलको गुरुयोजना बमोजिम भविष्यमा निर्माण गर्नुपर्ने अन्तर्राष्ट्रिय टर्मिनल भवन, आयल निगम डिपो, कार्गो टर्मिनल भवन, **Helipad** देखि हेलि टर्मिनल, जलवायु तथा मौसम पुर्वानुमान कार्यालयका लागि आवश्यक संरचना तथा सवारी साधन पार्किङ्गको लागि, **VOR/DME, ILS, Approach Light, Security Barrack, Hanger Area, Isolation Parking**, व्यवसायिक क्षेत्र आदि विकासको लागि प्रयोग गरिएको । साथै, दातृ निकाय एशियाली विकास बैंकको ऋण सहयोग स्वीकृतिको लागी तयार गरिएको **Resettlement Planning Document** बमोजिम पुनर्वास योजना तथा विमानस्थलबाट निस्कने **Solid Waste Management** को लागि आवश्यक

२०८२-०१-३१

फोन : ९७७-१-५३६२४१६, ५३६२५१८
५३६२३२६, ५३६२९८८
फ्याक्स : ९७७-१-५३६२५१६
बबरमहल

फोन : ९७७-०१-४७१८०००/४७१८०३०
फ्याक्स : ९७७-०१-४७१८०२२
ईमेल : dgca@caanepal.gov.np
सिनामंगल

# नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं, नेपाल ।


प.सं.: मितिः
२०८२।०१।३१

क्षेत्रका साथै कर्मचारी आवास गृह र अन्य प्रशासनिक भवन निर्माणको लागि समेत करिव ४० विगाहा जमिन छुट्टाईएको थियो । तसर्थ, **ICAO** को मापदण्ड बमोजिम **4E - Category** को **Full Fledged** अन्तर्राष्ट्रिय विमानस्थल बनाउन आधारभुत रुपमा आवश्यक पर्ने जग्गा मात्र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागी अधिग्रहण गरीएको व्यहोरा प्राधिकरण समस्तमा जानकारी गराउँदछ ।

माथि उल्लेख गरिए बमोजिम नेपाल सरकारको आधिकारिक निर्णय, दातृ निकायको ऋण प्रदान गर्ने प्राविधिक शर्त तथा आवश्यकता र नागरिक उड्डयन सम्बन्धि विश्वको नियामक निकायहरुको छाता संगठन अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (**ICAO**) को विमानस्थल निर्माण सम्बन्धी अनुसूची **Annex- 14 (Aerodromes)** मा भएको **Standards** को पूर्ण परिपालना हुने गरी राष्ट्रिय गौरव आयोजनाको रुपमा नेपालले उक्त विमानस्थलको चुनौतिपुर्ण निर्माण कार्य सफलता पूर्वक सम्पन्न गरिएको । विद्यमान अवस्थामा सञ्चालनमा रहेको विमानस्थलको मुख्य क्षेत्र **Core Aerodrome Area - Airside and Landside** मा रहेको **Main Fencing** भन्दा बाहिर अवस्थित, विमानस्थल निर्माणको क्रममा जग्गा अधिग्रहण गर्दा पूर्ण रुपमा विस्थापित घर परिवारको लागि प्राधिकरणको संस्थागत सामाजिक उत्तरदायित्व (**Corporate Social Responsibility**) अन्तर्गत पुनर्वास योजना लागू गर्न, वातावरणीय प्रभाव मुल्यांकन अनुसार विमानस्थलबाट उत्पति हुने फोहरमैलाको व्यवस्थापन गर्न र हवाई सुरक्षाका दृष्टिकोणले अत्यन्त संवेदनशिल मानिने जंगली जनावर तथा पशुपन्छीको गतिविधि नियन्त्रण गरी हवाई सुरक्षा चुनौतीहरु न्युनीकरण गर्न प्राधिकरणले अलग्गै छुट्याएको करिव ४० विगाहा जमिन (**Open Land Area**) मा भैसी आतंक, अधिकांश जमिन प्रयोग विहिन भनेर सामाजिक सञ्जालमा प्रसारित गतिविधिलाई लिएर सञ्चार माध्यममा अतिरञ्जित हुने गरी विमानस्थल जस्तो संवेदनशिल क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा बदनाम गर्ने बदनियतले भएका गतिविधिको खण्डन गर्दै उक्त विमानस्थलको व्यवसायिक सञ्चालनका लागि आ-आफ्नो तर्फबाट सकारात्मक सहयोग, सहकार्य तथा समन्वय गर्न हुन सम्पूर्ण सरोकारवाला वर्गमा प्राधिकरण विशेष अपिल गर्दछ ।

साथै, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई **ICAO** को मापदण्ड बमोजिम सुरक्षित बनाई उक्त बिमानस्थलबाट हुने प्रत्येक उडान,अवतरण तथा हवाई यात्रुको उडान सुरक्षाको लागी विमानस्थलको प्रत्येक क्षेत्र, संयन्त्र तथा संरचनाको अपरिहार्य योगदान रहेको हुँदा सो विमानस्थल हरेक दृष्टिकोणले सुरक्षित रहेको समस्त उडड्यन समुदायलाई बिश्वस्त गराउदै प्राधिकरण सदैब आफ्नो कानूनी जिम्मेवारी वहन गर्न प्रतिबद्ध रहेको छ ।

२०८२/०१/३१


MASTERPLAN - ULTIMATE
(Gautam Buddha International Airport)
Resettlement Area
Radar Area
Airport outer Fencing
CONSTRUCTION PHASE PLAN
Construction Completion
DECLARED DISTANCES
TORA
TODA
ASDA
LDA
LEGEND
Airside Pavement
Airport Fence
Airport Buildings and allocated areas
Inner Periphery Road 1
Inner Periphery Road 2
Outer Periphery Road
Other Airport Roads
Bridge
Drain
Commercial Use
River and Drain Diversion
Existing Buildings
Existing Road